
ज्येष्ठ नागरिक आश्रमहरूमा नर्सिङ सेवाका लागि स्वयंसेवक व्यवस्थापन सम्बन्धी अनुदान कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८३

बागमती प्रदेश सरकार
स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल





बागमती प्रदेश सरकार
स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल
२०८३

ज्येष्ठ नागरिक आश्रमहरूमा नर्सिङ सेवाका लागि स्वयंसेवक व्यवस्थापन अनुदान कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८३

प्रस्तावनाः जेष्ठ नागरिक आश्रम/सेवा केन्द्रहरुमा नर्सिङ सेवाका लागि स्वयंसेवक व्यवस्थापन अनुदान कार्यक्रमलाई सरल, सहज र प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उद्देश्यले,

प्रदेश विनियोजन ऐन, २०८३ को दफा ११ को उपदफा (२) बमोजिम स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

परिछेच्द एक

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम" जेष्ठ नागरिक आश्रम/सेवा केन्द्रहरुमा नर्सिङ सेवाका लागि स्वयंसेवक व्यवस्थापन अनुदान सम्बन्धी कार्यविधि, २०८३ " रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "नर्सिङ सेवा" भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट परीक्षा उतीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएका नर्स/अनमी/स्वास्थ्य सहायक/सिएमए/अहेव जस्ता स्वास्थ्य प्राविधिक व्यक्तिबाट बिरामीको हेरचाह, स्वास्थ्य प्रवर्द्धन, रोगको रोकथाम, उपचारमा सहयोग तथा पुनर्स्थापनामा मद्दत गर्ने कार्य सम्झनु पर्छ ।

(ख) "प्रदेश" भन्नाले बागमती प्रदेशलाई सम्झनुपर्दछ ।

(ग) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशलाई सम्झनु पर्दछ।

(घ) "लक्षित ज्येष्ठ नागरिकहरू" भन्नाले बागमती प्रदेश भित्रका अर्थात अन्य प्रदेशका भए ता पनि बागमती प्रदेश अन्तर्गतका ज्येष्ठ नागरिक आश्रमहरूमा रहेका नागरिकहरूहरूलाई सम्झनु पर्छ।

(ङ) "संस्था भन्नाले "ज्येष्ठ नागरिकहरूलाई आश्रय सहितको सेवा प्रदान गर्ने संस्था सम्झनु पर्छ ।

परिछेच्द दुई

उद्देश्य, संस्थाको योग्यता, छनोटको आधार र प्रकृया

३. उद्देश्यः

क. ज्येष्ठ नागरिक आश्रमहरूलाई नर्सिङ सेवाका लागि स्वयंसेवक व्यवस्थापन चालु अनुदान कार्यक्रमलाई व्यवस्थित रूपमा अनुदान उपलब्ध गराउनु

ख. अनुदान वितरण प्रकृयालाई परिणाममुखी, पारदर्शी र प्रभावकारी बनाउनु ।

मा. कल्पना चन्द्र वादे
मन्त्री

४. **नर्सिङ सेवाका लागि स्वयंसेवक व्यवस्थापन चालु अनुदान लिन चाहने आश्रम/केन्द्रहरु लागि आवश्यक न्यूनतम योग्यता:** नर्सिङ सेवाका लागि स्वयंसेवक व्यवस्थापन चालु अनुदान कार्यक्रम सेवा लिन चाहने संस्थाहरूको योग्यता देहाय वमोजिम हुनेछः

(क) कानून बमोजिम दर्ता र नवीकरण भएको,

(ख) समाज कल्याण परिषद्को आवद्धता प्रमाणपत्र भएको

(ग) संस्था सञ्चालन सम्बन्धमा कम्तिमा २ वर्ष अनुभव भएको

(घ) भौतिक पूर्वाधार भएको

(ङ) आन्तरिक स्रोतको परिचालन गर्नसक्ने ।

५. **आवेदन सहित पेश गर्नुपर्ने कागजात:** (१) अनुदान प्राप्त गर्न चाहने संस्थाले देहाय बमोजिमका विवरण सहित मन्त्रालयमा आवेदन दिनु पर्नेछ ।

(क) प्रचलित कानून बमोजिम संस्थाको दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि

(ख) संस्थाका सञ्चालकहरूको विवरण/तस्विरहरू,

(ग) संस्थाको अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन,

(घ) संस्थाको भौतिक अवस्था देखिने विवरण,

(ङ) संस्थाको जनशक्ति सम्बन्धी विवरण

(च) संस्थाको विधान र संस्थाको संक्षिप्त प्रोफाइल,

(छ) अघिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाणपत्र,

(ज) समाज कल्याणमा आवद्धताको प्रमाणपत्र


(झ) प्रस्ताव पत्र

(ञ) संस्थामा रहेका लक्षित ज्येष्ठ नागरिकहरूहरूको विवरण

(ट) संस्थाको अनुभव र गरेका प्रमुख कार्यहरू।

६. **संस्था छनोटको आधार:** (१) संस्थाको मूल्यांकन तथा छनौटका आधार देहाय बमोजिमका हुनेछः

क्र.सं.	विवरण	अङ्कभार
१	**ज्येष्ठ नागरिकहरूको सङ्ख्या** ज्येष्ठ नागरिकहरूको सङ्ख्या ५० जना वा सो भन्दा बढी भएमा २० ज्येष्ठ नागरिकहरूको सङ्ख्या ३० जना वा सो भन्दा बढी ५० जना भन्दा कम भएमा १८ ज्येष्ठ नागरिकहरूको सङ्ख्या २० जना वा सो भन्दा बढी भएमा ३० जना भन्दा कम भएमा १६	२०
२	**संस्थाको सम्बन्धित क्षेत्रको अनुभव** ५ वर्ष भन्दा बढी संस्था सञ्चालनको अनुभव भएको २०	२०



	३ देखि ५ वर्षसम्म संस्था सञ्चालनको अनुभव भएको		१८	
	२ देखि ३ वर्ष भन्दा कम संस्था सञ्चालनको अनुभव भएको		१६	
३	**प्रस्ताव र अवधारणा पत्रको मूल्यांकन**			५
	कार्ययोजना सहितको प्रस्ताव भएमा		५	
	प्रस्ताव मात्र भएमा		३	
४	**संस्थाको जनशक्तिको अवस्था**			५
	१० जना वा सो भन्दा बढी जनशक्ति भएको		५	
	५ जना वा सो भन्दा बढी र १० जना भन्दाकम जनशक्ति भएको		४	
	५ जना भन्दाकम जनशक्ति भएको		३	
			जम्मा	५०

(२) अन्यत्र जुनसुकै लेखिएको भए तापनि पुर्ण समय आश्रममा बस्ने ज्येष्ठ नागरिकहरूको सङ्ख्या २० जना भन्दा कम भएको आश्रम र दिवा सेवा मात्र प्रदान गर्ने ज्येष्ठ नागरिक आश्रमहरूको हकमा स्वयंसेवक नर्स व्यवस्थापनका लागि अनुदान कार्यक्रम लागू हुने छैन ।

७. संस्था छनोट प्रकृयाः

(१) संस्थाको प्रस्तावपत्र आह्वानका लागि मन्त्रालयको वेवसाइटमा सूचना प्रकाशन गरिनेछ तथा बागमती प्रदेश भित्रका स्थानीय तहहरूलाई समन्वयका लागि पत्राचार गरिनेछ ।

(२) दफा ४ मा उल्लेखित न्यूनतम योग्यता पुगेका संस्थाहरूबाट प्राप्त प्रस्तावहरूमध्येबाट दफा ६ मा उल्लेखित आधार बमोजिम दफा ८ बमोजिमको समितिले संस्था छनोट गर्नेछ ।

८. मुल्याङ्कन तथा छनोट समितिः (१) दफा ५ बमोजिम पेश भएका आवेदन सम्बन्धमा मुल्याङ्कन तथा छनोटका लागि देहाय बमोजिमको मुल्याङ्कन तथा छनोट समिति रहनेछः-

(क) प्रमुख, सामाजिक विकास महाशाखा, मन्त्रालय -संयोजक

(ख) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ग) आर्थिक प्रशासन शाखा प्रमुख, मन्त्रालय -सदस्य

(घ) कानून अधिकृत, मन्त्रालय -सदस्य

(ङ) अधिकृत, सामाजिक विकास महाशाखा, मन्त्रालय -सदस्य सचिव

(२) मूल्याङ्कन तथा छनोट समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित सम्बन्धित क्षेत्रका व्यक्तिलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिम गठित समितिले प्रस्ताव पेश गरेका संस्थाहरूको मूल्याङ्कन गरी उच्चतम अङ्क प्राप्त गर्ने संस्थाहरूलाई प्राथमिकताको आधारमा मन्त्रालयमा अनुदानका लागि सिफारिस गर्नेछ ।

(४) उपदफा (३) बमोजिम सिफारिस भएका संस्थाहरू मध्ये मन्त्रालयले छनोट गरी स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको परिधी भित्र रही **अनुसूची १** बमोजिम सम्झौता गरी प्रति संस्था एकजना

स्वयंसेवक नर्सिङ सेवाको लागि **प्रदेश विकास स्वयंसेवक परिचालन कार्यविधि, २०७५** को व्यवस्था बमोजिमको रकम सम्बन्धित संस्थाको खातामा निकाशा गरिनेछ।

(५) उपदफा (४) बमोजिम छनोट भएका संस्थाहरूलाई उक्त संस्थाहरूले स्वयंसेवक नर्सिङ सेवाको लागि नियुक्त गरेको सम्बन्धी प्रमाणित कागजातहरू, सम्बन्धित व्यक्तिको बैंक खातामा रकम उपलब्ध गराएको निस्सा, हाजिरी तथा प्रतिवेदन प्राप्त भए पश्चात सामाजिक विकास महाशाखाको सिफारिसमा त्रैमासिक रूपमा अनुदान उपलब्ध गराइनेछ।

९. **संस्थाको दायित्वः** कार्यक्रम प्राप्त गर्ने संस्थाले देहायको दायित्व बहन गर्नुपर्नेछ :-

(क) प्राप्त रकमको हिसाव स्वीकृत लेखा प्रणाली अनुसार राख्नु पर्नेछ ।

(ख) वित्तिय तथा भौतिक प्रगति विवरण कार्यक्रम सकिएको १५ दिन भित्र मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

(ग) आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र लेखा परीक्षण गरी सो को एक प्रति र त्यस उपर संस्थाको प्रतिकृया सहितको प्रतिवेदन मन्त्रालयमा समेत पेश गर्नु पर्नेछ ।

१०. **स्वयंसेवक नर्सिङ सेवाका कर्मचारीहरूको काम तथा कर्तव्यः** (१) ज्येष्ठ नागरिक आश्रममा कार्यरत **स्वयंसेवक नर्सिङ सेवाका कर्मचारीहरू**को काम तथा कर्तव्य देहाय बमोजिम हुनेछ ।

- रक्तचाप, नाडी, तापक्रम, सासप्रश्वास जाँच गर्ने
- नियमित स्वास्थ्य अवस्थाको निगरानी गर्ने
- सामान्य रोग– लक्षण पहिचान गरी आवश्यक सल्लाह दिने
- चिकित्सकको सल्लाहअनुसार औषधि समयमै खुवाउन सहयोग गर्ने
- औषधिको मात्रा, समय र असर निगरानी गर्ने
- औषधि छुट्ने वा दोहोरिने जोखिम कम गर्ने
- नुहाउन, लुगा फेर्न, कपाल कोर्न सहयोग गर्ने
- मुख, दाँत, नङ र छालाको सरसफाइमा सहयोग गर्ने
- बेडमै रहने ज्येष्ठ नागरिकको विशेष हेरचाह गर्ने
- चिकित्सकले तोकेको डाइटअनुसार खानपानमा सहयोग गर्ने
- खाना खुवाउने, पानी पर्याप्त पिएको छ कि छैन हेर्ने
- कुपोषण वा पानीको कमीको लक्षण पहिचान गर्ने
- कुरा सुन्ने, समय बिताउने, भावनात्मक साथ दिने
- एक्लोपन, उदासी, तनाव कम गर्न सहयोग गर्ने
- स्मृति कमजोर भएका (डिमेन्सिया भएका) ज्येष्ठ नागरिकलाई धैर्यपूर्वक हेरचाह गर्ने
- सामान्य चोटपटक, घाउचोटको प्राथमिक उपचार गर्ने
- आपतकालीन अवस्थामा चिकित्सक वा अस्पतालसँग समन्वय गर्ने
- एम्बुलेन्स वा रिफर प्रक्रियामा सहयोग गर्ने

मा. कल्पना चन्द्र वाँडे
मन्त्री

- हल्का व्यायाम, हिँडडुल, फिजियोथेरापी गतिविधिमा सहयोग गर्ने
- शारीरिक सक्रियता कायम राख्न उत्प्रेरणा दिने
- स्वास्थ्य अवस्थासम्बन्धी साधारण अभिलेख राख्ने
- असामान्य लक्षण वा परिवर्तन सुपरभाइजर/नर्स/डाक्टरलाई जानकारी गराउने
- हात धुने, सरसफाइ र संक्रमण नियन्त्रणका उपाय पालना गर्ने
- क्याथेटर, डायपर प्रयोगमा सावधानी अपनाउने
- ज्येष्ठ नागरिकको गरिमा, सम्मान र गोपनीयता जोगाउने
- सांस्कृतिक र व्यक्तिगत संवेदनशीलता बुझेर व्यवहार गर्ने

११. **अनुगमनः** मन्त्रालयले आवश्यकता अनुसार अनुगमन गर्न सक्नेछ। नर्सिङ सेवा सम्बन्धी त्रैमासिक प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ ।

परिच्छेद-तीन
विविध

१२. **लेखा तथा लेखापरीक्षणः** कार्यक्रम सञ्चालन वापत प्राप्त गरेको रकमको नेपाल सरकारको लेखा प्रणाली अनुसार लेखा राख्नु पर्ने छ र लेखापरीक्षण प्रचलित कानुन बमोजिम गर्नुपर्ने छ ।

१३. **सरकारी बाँकी सरह असुलउपर गरिनेः** कार्यक्रमको अनुदान प्राप्त गर्ने संस्थाले सम्झौतामा तोकिएको सर्त विपरीत कार्य गरेमा अनुदान निकासा भएको रकम सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

१४. **प्रचलित कानुन बमोजिम हुने :** यस कार्यविधिमा उल्लेख भएदेखि बाहेकका अन्य विषयहरू प्रचलित कानुन बमोजिम हुने छ ।

१५. **कार्यविधिमा संशोधन तथा परिमार्जनः** यस कार्यविधि कार्यान्वयमा कुनै बाधा वा समस्या आइपरेमा आर्थिक दायित्व पर्ने विषयमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा र अन्य विषयमा मन्त्रालयले आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

सुदूरपश्चिम प्रदेश सरकार
स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय
हँटीडा, नेपाल
मा. कल्याण चन्द्र बोहरा
मन्त्री

अनुसूची १

दफा ८ को उपदफा (४) को व्यवस्था बमोजिम

सम्झौता पत्र

बागमती प्रदेश सरकार, स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय (यसपछि पहिलो पक्ष भनी सम्बोधन गरिएको) र ..... (यसपछि दोस्रो पक्ष भनी सम्बोधन गरिएको) बीच **ज्येष्ठ नागरिक आश्रमहरूलाई नर्सिङ सेवाका लागि स्वयंसेवक व्यवस्थापन चालु अनुदान** सञ्चालनका लागि देहायबमोजिमको शर्तहरू र अन्य कुराको हकमा कानुनबमोजिम हुने गरी प्रस्तुत संझौता पत्रमा दुवै पक्षले हस्ताक्षर गरी एक एक प्रति बुझिलियौं/दियौं।

(क) **कार्यक्रमको नाम:** ज्येष्ठ नागरिक आश्रमहरूलाई नर्सिङ सेवाका लागि स्वयंसेवक व्यवस्थापन चालु अनुदान

(ख) **लाभान्वित वर्ग:** ज्येष्ठ नागरिक आश्रममा आश्रित ज्येष्ठ नागरिकहरू

(ग) **सम्झौता लागु हुने अवधि:** आ.व.

(घ) **पहिलो पक्षले पालना गर्नुपर्ने शर्तहरू:**

१. दोश्रो पक्षलाई स्वयंसेवक नर्सिङ सेवाको लागि मासिक प्रदेश विकास स्वयंसेवक परिचालन कार्यविधि, २०७५ को व्यवस्था बमोजिमको दरले हुन आउने रकम सम्बन्धित संस्थाको खातामा निकाशा गर्ने,

२. दोस्रो पक्षबाट योग्य नर्सिङ सेवा नियुक्त भए पश्चात २०८३ ..... महिना ..... गतेदेखि लागू हुने गरी अनुदान उपलब्ध गराउने,

३. दोस्रो पक्षले सम्बन्धित नर्सिङ सेवालाई रकम बैङ्क मार्फत उपलब्ध गराएको भर्पाई, हाजिरी तथा प्रतिवेदन प्राप्त भए पश्चात त्रैमासिक रूपमा किस्ता उपलब्ध गराउने,

४. दोश्रो पक्षलाई उपलब्ध गराइएको कार्यक्रम सञ्चालन रकमको कार्यान्वयनको सम्बन्धमा नियमित वा आकस्मिक अनुगमन तथा निरीक्षण गर्न सक्ने,

५. दोश्रो पक्षद्वारा कार्यक्रम सञ्चालन रकमको सम्झौता बमोजिमको कार्यमा खर्च गरेको नपाइएमा वा कार्यक्रम सञ्चालन रकमको उचित सदुपयोग भएको नपाइएमा वा अनुगमनको क्रममा दिइएका सुझावको कार्यान्वयन भएको नपाइएमा अनुदान निकासा भएको रकम सरकारी बाँकी सरह असुलउपर गर्ने र बाँकी कार्यक्रम सञ्चालन रकम निकासा नगर्ने,

६. कार्यक्रम सञ्चालन रकमको थप प्रभावकारी कार्यान्वयन गर्न आवश्यकतानुसार संझौता शर्तहरू परिमार्जन वा संशोधन गर्ने र सो को दोश्रो पक्षलाई जानकारी गराउनु पर्ने,

(ङ) **<u>दोश्रो पक्षले पालना गर्नुपर्ने शर्तहरू:</u>**

१. पहिलो पक्षले उपलब्ध गराउने अनुदान रकमबाट आवश्यक योग्यता पुरा भएको नर्सिङ सेवाका स्वयंसेवक नियुक्त गरी पहिलो पक्षलाई जानकारी गराउने,

२. पहिलो किस्ता वापतको अनुदान रकम निकासा भई दोस्रो पक्षले सम्बन्धित स्वयंसेवकलाई रकम उपलब्ध गराएको भर्पाई,हाजिरी तथा प्रतिवेदन पेश गरे पश्चात मात्र थप अनुदान रकम माग गर्ने,

३. प्रस्तुत सम्झौता बमोजिमको अनुदानको रकम पहिलो पक्षसँग २०८४ असार १५ गते सम्ममा माग गरिसक्नु पर्ने,

४. प्रत्येक किस्ताको अनुदान रकम माग गर्दा देहायका कागजात पेश गर्नु पर्ने:

- संस्थाको आधिकारिक पत्र,
- कार्यक्रमको प्रगति प्रतिवेदन (खर्च विवरण, ज्येष्ठ नागरिकहरूको विवरण, नर्सिङ सेवा सम्बन्धी फोटोहरू, अनुगमन समितिले अनुगमन गरेको भए सो को फोटोहरू लगायत पहिलो पक्षले माग गरेका अन्य विषयहरू),
- खर्चको बिल भरपाई तथा अन्य खर्च पुष्टी गर्ने कागजातहरूको सक्कल प्रति,
- खर्चको अनुमोदन सहित अनुदान माग गर्ने सम्बन्धी सञ्चालक समितिको निर्णय,

- पहिलो पक्षले माग गरेका अन्य कागजातहरू

५. अन्तिम किस्ताको अनुदान रकम माग गर्दा बुँदा नं. ४ बमोजिमका कागजातका अतिरिक्त देहायका कागजात पेश गर्नु पर्नेः
   - बुँदा नं. ६ बमोजिमको अनुगमन समितिको प्रतिवेदन,
   - सम्बन्धित स्थानीय तहको सिफारिस ।

६. प्रस्तावित कार्यक्रम कार्यान्वयनको सम्बन्धमा स्वतन्त्र अनुगमन र निरीक्षणका लागि सम्बन्धित स्थानीय तहले तोकेको १ जना प्रतिनिधिको संयोजकत्वमा सम्बन्धित स्थानीय तहमा सामाजिक क्षेत्रमा कार्यरत संस्थाको प्रतिनिधि, संस्थाको अध्यक्ष वा निजले तोकेको व्यक्ति १ जना संलग्न भएको अनुगमन समितिको गठन गरी कार्यक्रमको अनुगमन गराउने र सो को प्रतिवेदन प्रथम पक्ष समक्ष पेश गर्ने व्यवस्था गर्ने,

७. प्रथम पक्षबाट उपलब्ध भएको अनुदान रकमको आम्दानी र खर्चको विवरण वित्तीय प्रतिवेदनमा अलग्गै उल्लेख गर्नुपर्ने,

८. प्रचलित कानुनबमोजिम समयमै लेखापरीक्षण गराई उक्त लेखापरीक्षण आगामी आ.व. को पहिलो चौमासिक सम्ममा पहिलो पक्षलाई उपलब्ध गराउनु पर्ने,

९. यस सम्झौताकै आधारमा चालू आ.व. वा आगामी आ.व. मा समेत थप वा पुनः अनुदान माग दावी गर्न नपाउने,

१०. संस्थाले पेश गर्ने कार्यक्रम तथा विल भर्पाइको आधिकारीकताको दायित्व सम्बन्धित संस्थाको हुने,

११. कार्यक्रममा खर्च गर्ने मापदण्डको सम्बन्धमा प्रचलित स्वीकृत कानून र प्रदेश सरकारको खर्च मापदण्ड वा निर्देशिका अनुसार हुनुपर्ने ।

प्रथम पक्षको तर्फबाटः	**दोश्रो पक्षको तर्फबाटः**
हस्ताक्षरः	हस्ताक्षरः
नाम थरः	नाम थरः
पदः	पदः
कार्यालयः	संस्थाको नामः
सम्पर्क नंः	सम्पर्क नंः
मितिः	मितिः
कार्यालयको छापः	संस्थाको छापः

मा. कल्पना चन्द्र वाघे
मन्त्री